म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ८८ २०८२ फागुन ३ गते आइतबार 15 February 2026, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

**मतदान किन गर्ने ?**

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधिको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा नीहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### भागेका कैदीबन्दी र लुटिएका हतियार

# निर्वाचनलाई असर नपर्ने प्रहरीको दाबी




समाज संवाददाता

हेटौंडाः गत भदौमा भएको जेनजी आन्दोलनमा भागेका कैदीबन्दीहरु र लुटिएका हतियारहरुबाट निर्वाचनलाई असर नपर्ने बागमती प्रदेशका प्रहरी नायब महानिरीक्षक दीपक रेग्मीले दाबी गर्नुभएको छ । शुक्रबार बागमती प्रदेश प्रहरी कार्यालयको आयोजनामा सञ्चारकर्मीहरुसँग भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै प्रहरी नायब महानिरीक्षक रेग्मीले कारागारबाट भागेका र लुटिएका हतियारहरु पक्राउ गर्ने क्रम जारी रहेकोले यसले निर्वाचनको सुरक्षा व्यवस्थालाई खासै असर नपार्ने बताउनुभएको हो ।

उहाँले भागेका कैदीबन्दीहरु एउटै दल वा आपराधिक समूहका नभएको पाइएको हुँदा फरक-फरक स्थानमा लुकिरहेकाले यसले निर्वाचनको सुरक्षा माहोलमा खासै प्रत्यक्ष असर नपर्ने दाबी गर्नुभएको छ । यस्तै, हतियारहरुको सन्दर्भमा लामो हतियारहरु खासै नभएको र साना हतियारहरु मात्रै लुटिएका र कतिपय हतियारहरु बिगारिएको अवस्थामा फेला परेकोले अन्य आपराधिक गतिविधिमा प्रयोग हुन सक्नेबारे भने प्रहरीले ध्यान दिएको स्पष्ट पार्नुभयो । बागमती प्रदेशका १० वटा कारागारबाट १ हजार ७ सय ४६ जना कैदीबन्दीहरु भागेकोमा तीमध्ये १ हजार ३ सय ७० जना कारागार फिर्ता भइसकेको र ३ सय ७६ जना कैदीबन्दीमात्र बाहिर रहेको उहाँले जानकारी दिनुभयो । उहाँले अन्य प्रदेशका कारागारबाट भागेका ३ सय ५० जना कैदीबन्दीहरु बागमती प्रदेशभित्र पक्राउ गरी फिर्ता पठाएकोसमेत जानकारी दिनुभयो ।

जेनजी आन्दोलनको क्रममा ध्वस्त भएका प्रहरी कार्यालहरु एक महिनाभित्रै पुनर्स्थापनाका लागि २६ करोड रुपैयाँ बराबरको सहयोग प्राप्त भएको बताउँदै यस घटनाले प्रहरीहरुप्रति आम जनताको विश्वास कायम राख्न सफल भएको समेत जोड दिनुभयो । सर्वसाधारणले लत्ताकपडा, कम्प्युटर, खानेकुरा, सवारी साधनलगायतका विभिन्न वस्तुहरु आपतकालीन रुपमा सहयोग गरी प्रहरीहरुलाई पुनर्स्थापनामा सहयोग गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा निर्वाचनलक्ष्नित सुरक्षा व्यवस्थाबारे जानकारी दिँदै प्रहरी नायब महानिरीक्षक रेग्मीले प्रदेशभर गत वर्षभन्दा ५ सय जना प्रहरी तथा २ हजार २ सय ४३ म्यादी प्रहरी थप परिचालन गर्ने तयारी गरेको जानकारी दिनुभयो । उहाँले प्रदेशभर एक हजार २८८ मतदान स्थलका हजार ९७३ वटा मतदान केन्द्रहरुमा ९ हजार ३९ प्रहरी तथा १६ हजार ४५३ म्यादी प्रहरी परिचालन हुने बताउनुभयो ।

प्रदेशको रामेछाप, काभ्रे, रसुवा जिल्ला र उपत्यकाका तीन जिल्लाबाहेकका जिल्लाका १० वटा स्थानहरुमा सुरक्षा जोखिम मूल्याङ्कन गर्दै सुरक्षा बेस क्याम्पहरु स्थापना भएको पनि जानकारी दिइएको छ । यस्तै, प्रदेश भित्रका १८ निर्वाचन क्षेत्रहरुका ९८ पालिकाहरुमध्ये सञ्चारबाट बाहिर रहेको दोलखाको १ र रामेछापको १ निर्वाचन क्षेत्रमा स्याट फोनबाट सञ्चार स्थापना गर्ने तयारी गरेकोसमेत उहाँले जानकारी दिनुभयो ।

निर्वाचनमा गलत सूचना र अफवाह फैलाउनेहरु बढी भएकोले यसबारे आफूहरु तयारी अवस्थामा रहेको भन्दै कसैले निर्वाचनबारे गलत सूचना र अफवाह फैलाएको पाएमा प्रहरीसँग समन्वय गर्न आग्रहसमेत उहाँले गर्नुभएको छ । निर्वाचनमा असन्तुष्ट समूहहरुले राजनीतिक झडप तथा बहिष्कार गर्ने, निर्वाचन आचारसंहिता उलङ्घनका घटना हुनसक्ने बिषयमा समेत आफूहरु तयारी अवस्थामा रहेको उहाँको भनाइ छ । हालसम्म जिल्ला प्रशासन कार्यालयको इजाजत प्राप्त १ सय ४४ हातहतियाहरु प्रशासनसमक्ष बुझाइसकेको समेत कार्यक्रममा जानकारी दिइएको छ ।

# राष्ट्रिय परिचयपत्रका लागि १० हजारको आवेदन

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरले तीन महिनाको अवधिमा १० हजार १ सय ४० जनाको राष्ट्रिय परिचयपत्रको लागि आवेदन दर्ता (रजिष्ट्रेसन) गराएको छ । चालु आर्थिक वर्षको कात्तिकदेखि पुससम्म तीन महिनाका अवधिमा १० हजार बढीको आवेदन दर्ता भएको हो ।

यस अवधिमा तयार भएका राष्ट्रिय पचियपत्र कार्ड १ हजार ८ सय १५ जनालाई वितरण गरिएको छ । यस अवधिमा जिल्ला प्रशासनले ३ हजार १ सय ३४जनालाई नयाँ नागरिकता वितरण गरेको छ । नयाँ नागरिकतामध्ये ४ जना बैबाहिक अंगीकृत र १२ जनालाई गैरआवासीय नागरिकता प्रदान गरेको कार्यालयले जनाएको छ । गैरआवासीय नागरिकता प्राप्त गर्ने १२ मध्ये ९ जना पुरुष र ३ जना महिला रहेका छन् ।

तीन महिनाको अवधिमा जिल्ला प्रशासन कार्यालयले विविध शीर्षकमा ३ करोड ७७ लाख १० हजार राजस्व संकलन गरेको कार्यालयले जनाएको छ । कार्यालयले १ करोड ४७ लाख ३३ हजार रुपैयाँ चालु बजेट तथा ३ लाख ६६ हजार पुँजीगत खर्च गरेकोसमेत जानकारी दिएको छ । कार्यालयले विपद् राहत अन्तर्गत २९ जनालाई १३ लाख २५ हजार रुपैयाँ र १२ द्वन्द्व पीडितको परिवारलाई ४ लाख ६० हजार रुपैयाँ राहतस्वरुप प्रदान गरेकोसमेत जनाएको छ ।

यस अवधिमा कार्यालयले वैदेशिक रोजगारसम्बन्धी समस्यामा परेका २ जनालाई २९ लाख ६१ हजार रुपैयाँ क्षतिपूर्तिस्वरुप प्रदान गरेको छ । यो समयावधिमा विभिन्न शीर्षकका ९० वटा मुद्दा दर्ता भएका छन् भने ३५ मुद्दाउपर फैसलासमेत भइसकेको छ ।

प्रशासन कार्यालयले यस अवधिमा मकवानपुरको तथ्याङ्क समन्वय कार्यालय, मालपोत कार्यालय हेटौंडा तथा आन्तरिक राजस्व कार्यालय हेटौंडामा अनुगमनसमेत गरेको जनाएको छ । यस अवधिमा विभिन्न ३ सय ७० वटा सिफारिसहरु गर्नुका साथै जिल्लामा ९ वटा थप संघसंस्थाहरु दर्ता भएका र पुराना १ सय १५ वटा संस्थाहरु नवीकरण गरेको कार्यालयले जनाएको छ ।

# मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडा : कान्तिलोकपथ अन्तर्गत हेटौंडा-५ पिप्लेमा रड लोड भएको ट्रकमा मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रबार राती ९ बजेर ५० मिनेटको समयमा सडक छेउमा पार्किङ गरी राखिएको ना ५ ख १८६१ नम्बरको रड लोड भएको ट्रकमा सानोपोखराबाट पिप्लेतर्फ जाँदै गरेको ना २९ प ७०७२ नम्बरको मोटरसाइकल पछाडिबाट ठोक्किँदा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक हेटौंडा-५ पिप्ले ढुंगेधाराका ३५ वर्षीय सुवास थिङ गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा राति १० बजेको समयमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।



# हार्दिक बधाई



राजेन्द्र लामिछाने
अध्यक्ष

पुरुषोत्तम खतिवडा
उपाध्यक्ष

सुदर्शन पाठक
महासचिव

दिपेशमणि भण्डारी
कोषाध्यक्ष

बाल कुमारी गौतम
सचिव



रिजना श्रेष्ठ
महिला सदस्य

अवधेश प्रसाद केशरी
कार्यसमिति सदस्य

सरोज घिमिरे
कार्यसमिति सदस्य

अमित मानन्धर
कार्यसमिति सदस्य

सरोज सिवाकोटी
कार्यसमिति सदस्य

**मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघको १५औं वार्षिक साधारण सभा तथा सातौं अधिवेशनबाट सर्वसम्मत निर्वाचित नयाँ समितिलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।**

चक्रधर विडारी, अध्यक्ष
**एवम् हाम्रो गोर्खा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा, मकवानपुर


# गायन प्रतियोगितामा अपूर्व प्रथम




*प्रथम स्थान हासिल गर्नुभएका आचार्यलाई पुरस्कृत गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित ज्ञानोदय बालबाटिका आवासीय विद्यालयले आयोजना गरेको अन्तर विद्यालयस्तरीय एकल गायन प्रतियोगितामा हेटौंडा-४ स्थित नवोदय शिशु सदनका अपूर्व आचार्य प्रथम हुनुभएको छ ।

कला साधक भीम विरागको स्मृतिमा शुक्रबार विद्यालय परिसरमै भएको प्रतियोगितामा हेटौंडा-५ स्थित जेनिथ इन्टरनेशनल स्कूलका इशान पौडेल द्वितीय, हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीकी अष्का खातुन तृतीय हुँदा बालजागृति ईंग्लिस सेकेण्डरी स्कूलका आर्मन कार्की सान्त्वना भएका छन् । प्रतियोगितामा २० वटा विद्यालयबाट ३१ जना विद्यार्थी सहभागी थिए । चौथो संस्करणको प्रतियोगितामा सहभागी विद्यार्थीले नेपाली स्वदेश गान तथा आधुनिक गीत गाएका थिए । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः १० हजार, ७ हजार ५ सय, ५ हजार रुपैयाँ २ हजार ५ सय रुपैयाँसहित ट्रफी प्राप्त गरे ।

प्रतियोगितामा लोचन भट्टराई र ओमप्रकाश राईले निर्णायकको भूमिका निर्वाह गर्नु भएको थियो । ज्ञानोदय बालवाटिका आवासीय विद्यालयका संस्थापक प्रिन्सिपल श्याम कुमार बानियाँको अध्यक्षता तथा संगीतकार बुलु मुकारुङको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा भीम विराग संगीत साहित्य कला प्रतिष्ठान नेपालका अध्यक्ष केशवलाल श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।

## सम्पादकीय

# घोषणापत्रमा अलमल

प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन आउन १९ दिन बाँकी छ । भोलि सोमबारबाट उम्मेदवारहरुले आमसभा, कोणसभा, ऱ्याली, जुलुसजस्ता कार्यक्रम गरेर चुनावी प्रचारप्रसार सुरु हुँदैछ । निर्वाचन कार्यक्रमअनुरुप करिब एक महिना अघि नै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरुले मनोनयन दर्ता गराएको भए पनि निर्वाचन घोषणापत्र तयारीमा भने दलहरुले विलम्ब गरेका छन् । दलहरुले निर्वाचन घोषणापत्र तयार गरी सार्वजनिक गर्न अलमल गरेपछि आज फागुन ३ गतेसम्म घोषणापत्र सार्वजनिक गर्न केही दिनअघि निर्वाचन आयोगले निर्देशन नै दिएको थियो । तर, फागुन २ गतेसम्म नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र केही साना दलबाहेक अधिकांश दलहरुले निर्वाचन घोषणापत्र सार्वजनिक गरेका छैनन् । निर्वाचनमा बहुमत ल्याएर सरकार बनाउने भन्दै भावी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा होमिएका नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत ठूला र आफूलाई वैकल्पिक राजनीतिक शक्ति दावी गर्ने दलहरु नै घोषणापत्र सार्वजनिक गर्न अलमल गरिरहेका हुन् ।

निर्वाचनमा राजनीतिक दलहरूले आफ्ना प्राथमिकता, दृष्टिकोण र प्रतिबद्धतालाई घोषणापत्रमार्फत सार्वजनिक गर्दछन् । विश्वका धेरैजसो देशमा उम्मेदवार वा दललाई मतदान गर्नुअघि उनीहरुको घोषणा, प्रतिवद्धता वा बाचा के छ भन्ने कुराले ठूलो महत्व राख्ने गरेको छ । नेपालमा पनि संसदीय तथा स्थानीय निर्वाचनमा सबैजसो राजनीतिक दलले घोषणापत्र र उम्मेदवारले पनि आ-आफ्ना प्रतिबद्धताहरु सार्वजनिक गर्ने गरेका छन् । धेरैजसो मतदाताले घोषणापत्र नै नपढ्ने अनि उम्मेदवार तथा दलले चुनाव जितेपछि घोषणापत्रमा गरेका बाचा र प्रतिबद्धता बिर्सने परिपाटीका कारण दलहरु घोषणापत्रको तयारीमा संवेदनशील नदेखिएका हुन सक्छन् । यस्तै, निर्वाचन घोषणापत्रसम्बन्धी नीतिगत र कानुनी व्यवस्था स्पष्ट नहुँदा पनि दलहरुले घोषणापत्र सार्वजनिक गर्न अलमल गरेको मान्न सकिन्छ ।

निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी कानुन र निर्वाचन आचार संहितालाई आधार मानेर घोषणापत्र सार्वजनिक गर्न र निर्वाचनमा बुझाउन समयसीमा तोकेको जनाएको छ । राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ मा राजनीतिक दलले काम कारबाही गर्दा पालना गर्नुपर्ने विषयमा निर्वाचन आयोगले निर्देशन दिनसक्ने व्यवस्थाकै आधारमा घोषणापत्र बुझाउन र सार्वजनिक गर्न समयसीमा ताकेको हो । राजनीतिक दलहरुले तोकेको समयसीमाभित्र घोषणापत्र सार्वजनिक गर्न बाध्यकारी हुनपर्ने कानुनी व्यवस्था नहुँदा दलहरु गम्भीर देखिएका छैनन् । करिब एक महिनादेखि उम्मेदवारहरु मतदाताको घरदैलोमा पुगिरहँदा आफू र आफ्नो दलले चुनाव जितेमा के गर्छ भन्ने लिखित दस्तावेज पेश गर्न नसक्दा मतदाता अलमलमा पर्ने अवस्था बनिरहेको छ । घोषणापत्रले आम मतदातालाई भोट हाल्न उत्प्रेरित गर्ने भए पनि घोषणापत्र सार्वजनिक गर्न नसक्नु दलहरुको कमजोरी हो ।

हुन त दल तथा उम्मेदवारको देखाउने दाँतजस्तो मात्र बनिरहेको घोषणापत्रको खासै अर्थ पनि छैन । प्रायः लोकप्रिय नाराहरू, अधुरा वाचा र अल्पकालीन आकर्षणमा सीमित हुने गरेका घोषणापत्र कार्यान्वयन हुँदैनन् भन्नेमा मतदाता ढुक्कजस्तै छन् । विगतको अनुभवले घोषणापत्रलाई निर्वाचनको समयमा मतदातालाई आश्वस्त पार्ने माध्यमका रुपमा मात्र प्रयोग गरिएको यथार्थ हो । निर्वाचनको समयमा जनताको घरदैलोमा पुगेका उम्मेदवारलाई अघिल्लो निर्वाचनको घोषणापत्रमा उल्लेखित कति कार्य वा योजना सम्पन्न भयो भनेर मतदाताले सबालजवाफ गर्ने गरेका पनि छैनन् । यस्तो अवस्थामा घोषणापत्र सार्वजनिक गर्नु र नगर्नुमा खासै भिन्नता देखिँदैन । निर्वाचन आयोगले तोकेको समयभित्र निर्वाचन घोषणापत्र तयार गरेर सार्वजनिक गर्न नसक्नु भनेका दलहरुले मतदातासामु मत माग्ने नैतिक अधिकार गुमाउनु हो । घोषणापत्र सार्वजनिक गर्न अलमल गर्ने अवस्था अन्त्यका लागि राजनीतिक दलसम्बन्धी ऐनमै घोषणापत्रसम्बन्धी स्पष्ट व्यवस्था हुनु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मान्यजनसँग निकटता बढ्ने समय योग छ ।
**वृष** : दृढता र हौसलाले काममा पूर्णता होला ।
**मिथुन** : आयआम्दानीमा वृद्धि हुने समय योग छ ।
**कर्कट** : अरुको काममा समय व्यतित हुने समय छ ।
**सिंह** : कसैप्रति अलि बढी आकर्षित भइने समय छ ।
**कन्या** : राजनैतिक प्रतिद्वन्द्वीले बाधा पुऱ्याउन सक्छ ।
**तुला** : बिछोडिएका साथीभाईसँग भेटघाट हुने समय छ ।
**वृश्चिक** : आर्थिक पक्ष सुदृढ रहने समय योग छ ।
**धनु** : काममा कानुनी अल्झन र बाधा व्यवधान रहला ।
**मकर** : विरोधी र प्रतिस्पर्धीसँग बचेर काम गर्दा राम्रो ।
**कुम्भ** : आत्मविश्वास बढ्ने समय योग देखिन्छ ।
**मीन** : अनुकूल समय छ, काममा बाधा छैन ।

# बंगलादेशले निर्वाचन मार्फत दिएको अर्थपूर्ण सन्देश



**बिशभ अधिकारी**

दक्षिण एशियाली राजनीति अहिले एउटा ऐतिहासिक संक्रमणकालबाट गुज्रिरहेको छ । दशकौंदेखि स्थापित राजनीतिक दलहरू, वंशवादी नेतृत्व र जड प्रणालीविरुद्ध नयाँ पुस्ताको असन्तोष खुलेर सतहमा आएको छ । बंगलादेशको पछिल्लो चुनावी परिदृश्य त्यसको ज्वलन्त उदाहरण बनेको छ । २०१४ मा केवल १ सिट र २०१८ मा ६ सिटमा सीमित भएको बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) ले २०२४ को चुनाव बहिष्कार गरे पनि त्यसपछि विकसित राजनीतिक परिस्थितिले उसलाई फेरि बहुमतको दाबेदार बनाएको छ । यो जनमानसमा भएको गहिरो राजनीतिक पुनर्संरचनाको संकेत हो । विशेषगरी जेन जी पुस्ताले नेतृत्व गरेको विद्यार्थी आन्दोलनले पुरानो सत्ता संरचनालाई चुनौती दिएको छ र चुनावसँगै गरिएको जुलाई नेशनल चार्टर सम्बन्धी जनमतसंग्रहले प्रणालीगत सुधार लाई वैधानिक आधार दिएको छ । संविधान संशोधनको पक्षमा ६५.३ प्रतिशत मतदान हुनु आफैंमा सन्देश हो जनता अब केवल पात्र मात्र होइन संरचना परिवर्तन चाहन्छन् ।

बंगलादेशमा १९९१ देखि २०२४ सम्मको राजनीतिक इतिहास हेर्दा शक्ति प्रायः दुई नेतृ शेख हसिना र खालिदा जिया बीच केन्द्रित रह्यो । एउटाले आवामी लिग नेतृत्व गरिन्, अर्कीले बीएनपी । दशकौँसम्म सत्ताको घुम्ती यिनै दुई ध्रुव वरिपरि घुम्यो । तर २०२४ को विद्यार्थी आन्दोलनपछि राजनीतिक समीकरण बदलिन थाल्यो । आवामी लिगलाई निर्वाचनमा सहभागी हुन नदिइनु निर्वाचन आयोगले विद्यार्थी आन्दोलनका क्रममा भएको हिंसामा पार्टीको संलग्नताको आरोपका आधारमा गरेको निर्णय राजनीतिक संरचनामा ठूलो झट्का थियो । भारतमा बसिरहेकी शेख हसिनाले चुनावलाई असंवैधानिक र धोखाधडी भने पनि सडक र मतपेटिकाले नयाँ सन्तुलन खोजिरहेको स्पष्ट देखिन्छ ।

यस परिवेशमा तारिक रहमानको उदय प्रतिकात्मक हुनुको सँगसँगै पुस्तान्तरणको संकेत पनि हो । १७ वर्ष लन्डनमा राजनीतिक शरण लिएर बसेपछि उनी स्वदेश फर्किए । उनकी आमा खालिदा जियाको निधनपछि पार्टीको सम्पूर्ण जिम्मेवारी उनको काँधमा आयो । उनले आफूलाई सुन्ने, शान्त र नीति केन्द्रित नेताका रूपमा प्रस्तुत गरिरहेका छन् । हरेक वर्ष ५ करोड रूख रोप्ने, ढाकामा हरित क्षेत्र विस्तार गर्ने, प्राविधिक शिक्षा सुदृढ गर्ने र प्रशासनिक पारदर्शिता बढाउने प्रतिवद्धताले उनी परम्परागत भाषणभन्दा नीति आधारित राजनीति गर्न खोजिरहेका देखिन्छन् । ३५ वर्षपछि पुरुष प्रधानमन्त्री पाउने अवस्था बन्नु पनि बंगलादेशी राजनीतिमा नयाँ अध्याय हो ।

तर यहाँ सबैभन्दा महत्वपूर्ण पक्ष चुनावसँगै गरिएको जनमतसंग्रह हो । प्रस्तावित सुधारहरूमा दुई सदनात्मक संसद स्थापना गर्ने विषय प्रमुख थियो, जसअन्तर्गत १०० सदस्यीय माथिल्लो सदन गठन गर्ने प्रस्ताव गरिएको छ । यो माथिल्लो सदनको संरचना निर्वाचन परिणामको समानुपातिक आधारमा तय गरिने र विशेषगरी संविधान संशोधन जस्ता संवेदनशील विषयमा स्वीकृतिको अधिकार प्रदान गरिने व्यवस्था प्रस्ताव गरिएको थियो । यसले बहुमतको निरकुशतालाई नियन्त्रण गर्ने तथा दीर्घकालीन संवैधानिक स्थिरता सुनिश्चित गर्ने लक्ष्य राखेको देखिन्छ । दक्षिण एशियाली सन्दर्भमा जहाँ बहुमतले प्रायः संविधानलाई दलगत स्वार्थअनुसार परिमार्जन गर्ने प्रवृत्ति देखिन्छ, त्यहाँ यस्तो संरचना शक्ति सन्तुलनको प्रभावकारी औजार बन्न सक्छ ।

त्यसैगरी कार्यपालिका र न्यायपालिकासम्बन्धी सुधार पनि जनमतसंग्रहको केन्द्रीय विषय बने । प्रधानमन्त्रीका लागि दुई कार्यकालको सीमा तोक्ने प्रस्तावले व्यक्तिनिष्ठ सत्ता केन्द्रीकरणलाई रोक्ने उद्देश्य राखेको छ । विगत तीन दशकमा केही सीमित नेतृत्वमा सत्ता केन्द्रित हुँदै आएको अनुभवका आधारमा यस्तो प्रस्ताव आएको बुझ्न कठिन छैन । साथै राष्ट्रपतिको संवैधानिक भूमिकालाई थप सशक्त बनाउने विशेषगरी सन्तुलनकारी र निगरानी भूमिकामा प्रस्ताव गरिएको छ, ताकि कार्यपालिकामाथि आवश्यक संवैधानिक नियन्त्रण कायम रहोस् । न्यायपालिकाको स्वतन्त्रता सुनिश्चित गर्न नयाँ नियुक्ति प्रक्रिया स्थापना गर्ने विषय पनि अत्यन्त महत्वपूर्ण छ । राजनीतिक प्रभावबाट मुक्त, पारदर्शी र योग्यता आधारित नियुक्ति प्रणालीमार्फत न्यायपालिकालाई वास्तविक स्वतन्त्र संस्था बनाउने लक्ष्य जनमतसंग्रहमा समेटिएको छ । बंगलादेशको जनमतसंग्रह केवल चुनावी रणनीति नभई शासन प्रणालीको संरचनात्मक पुनरावलोकन हो । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलन मजबुत बनाउने, निर्वाचन प्रणाली सुधार गर्ने, मानवअधिकार र जवाफदेहिता सुनिश्चित गर्ने, भ्रष्टाचार नियन्त्रण तथा संस्थागत पारदर्शिता अभिवृद्धि गर्ने विषयहरूलाई जनमतमार्फत वैधता दिनु दक्षिण एशियाली सन्दर्भमा साहसी अभ्यास हो । लोकतन्त्रमा चुनाव प्रायः प्रतिनिधि चयनको माध्यम हुन्छ; तर जनमतसंग्रह प्रणाली सुधारको औजार बन्छ । यही अभ्यासले बंगलादेशलाई केवल सरकार परिवर्तन मात्र नभई शासन संरचना पुनर्गठनतर्फ धकेलेको छ ।

यो परिघटना केवल बंगलादेशमा सीमित छैन । विश्वका विभिन्न मुलुकमा जेन जी र युवा आन्दोलनले राजनीतिक ध्रुवीकरणलाई नयाँ दिशा दिएका छन् । उदाहरणका लागि श्रीलंकामा २०२२ को आर्थिक संकटपछि अरगलया आन्दोलनले तत्कालिन राष्ट्रपति गोटाबाया राजापक्षेलाई पदत्याग गर्न बाध्य बनायो । युवाले सडक कब्जा गरे, राष्ट्रपतिको भवनमा प्रवेश गरे र भ्रष्टाचार तथा वंशवादविरुद्ध ऐतिहासिक आवाज उठाए । यद्यपि त्यसपछि आएको सत्ता परिवर्तनले पूर्ण संरचनात्मक सुधार गर्न सकेन, तर जनदबावले स्थापित शक्ति संरचनालाई हल्लाउन सक्छ भन्ने प्रमाण दियो ।

त्यस्तै, चिलीमा सन् २०१९ को विद्यार्थी आन्दोलनले नयाँ संविधान लेख्ने प्रक्रिया सुरु गरायो । पुरानो पिनोशे युगको संविधान परिमार्जन गर्न जनमतसंग्रह गरियो । यद्यपि पहिलो मस्यौदा अस्वीकृत भयो, तर जनताको सहभागितामूलक संवैधानिक बहसले लोकतन्त्रलाई गहिराइ दिएको छ । आइसल्याण्डले पनि सन् २००८ को आर्थिक संकटपछि नागरिक सहभागितामा आधारित संविधान संशोधन प्रक्रिया अघि बढाएको थियो । यद्यपि राजनीतिक सहमतिको अभावले पूर्ण कार्यान्वयन हुन सकेन, तर प्रक्रियागत नवीनता विश्वकै लागि उदाहरण बन्यो ।

फ्रान्समा हालका वर्षहरूमा पेन्सन सुधारविरुद्धको युवा आन्दोलनले देखायो कि प्रतिनिधि लोकतन्त्रमा पनि सडकको आवाज शक्तिशाली हुन्छ । यूनाइटेड किंगडममा ब्रेक्सिट जनमतसंग्रहले पुस्ताबीचको विभाजन उजागर गऱ्यो । युवा पुस्ता युरोपसँग जोडिन चाहन्थ्यो । वृद्ध पुस्ता अलग हुन । जनमतसंग्रह शक्तिशाली औजार हो, तर त्यसलाई सावधानीपूर्वक प्रयोग गर्नुपर्छ ।

अब प्रश्न उठ्छ नेपालमा यसको के अर्थ हुन्छ ? नेपालमा पछिल्ला वर्षहरुमा भ्रष्टाचार, नीतिगत अस्थिरता, दलगत स्वार्थ र नेतृत्वको पुनरावृत्तिले जनतामा गहिरो निराशा जन्माएको छ । जेन जी पुस्ताले सामाजिक सञ्जाल, सडक प्रदर्शन र वैकल्पिक राजनीतिक बहसमार्फत आफ्नो असन्तोष व्यक्त गरिरहेको छ । यही सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदयलाई धेरैले पुस्तान्तरणको संकेतका रुपमा हेर्छन् । जेन जी आन्दोलनपछिको चुनावमा रास्वपा पहिलो शक्ति बन्ने सम्भावना चर्चा हुँदै आएको छ र राजनीतिक गति हेर्दा बहुमतसम्म पुग्ने सम्भावनासमेत अस्वीकार गर्न सकिँदैन ।

तर यहाँ मूल प्रश्न सिटको गणित होइन, संरचनाको गुणस्तर हो । यदि नयाँ शक्ति सत्तामा आए पनि पुरानै निर्वाचन प्रणाली, दलभित्रको केन्द्रीकृत निर्णय प्रक्रिया, कमजोर जवाफदेहिता र अस्पष्ट शक्तिसन्तुलन कायम रह्यो भने जनअपेक्षा फेरि निराशामा परिणत हुन सक्छ । त्यसैले नेपालमा पनि निर्वाचनसँगै निश्चित संरचनात्मक सुधारबारे जनमतसंग्रह गर्ने अभ्यास विचारणीय विषय हुनुपर्थ्यो । उदाहरणका लागि प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस, समानुपातिक र प्रत्यक्ष निर्वाचनको अनुपात पुनरावलोकन, भ्रष्टाचार बिरूद्धको कडा कानुन, पार्टी आन्तरिक लोकतन्त्र अनिवार्य बनाउने संवैधानिक व्यवस्था, भ्रष्टाचारसम्बन्धी स्वतन्त्र आयोगलाई मजबुत बनाउने प्रावधानको विषयमा जनमत लिइएमा पुस्ताबीचको अविश्वास घट्न सक्छ ।

यसका अतिरिक्त सबै प्रमुख राजनीतिक दल र जेन जीहरुको प्रतिनिधिहरुबीच राष्ट्रिय राजनीतिक समझदारीको दस्तावेज तयार गर्न सकिन्थ्यो, जसलाई निर्वाचनपछि जसले सरकार बनाए पनि कार्यान्वयन गर्ने बाध्यकारी प्रतिवद्धता होस् । जस्तै बंगलादेशले जनमतसंग्रहमार्फत वैधानिक आधार बनायो, नेपालले सहमतिको राजनीतिक संस्कृति विकास गर्न सक्छ । दक्षिण अफ्रिकामा रंगभेद अन्त्यपछि बनेको सत्य तथा मेलमिलाप आयोग जस्तो सहमतिको मोडेलले गहिरो संकटपछि पनि राजनीतिक सहकार्य सम्भव हुन्छ देखाएको थियो ।

नेपाल अहिले जनसांख्यिकीय लाभांशको मोडमा छ युवा जनसंख्या ठूलो छ, तर अवसर सीमित छन् । रोजगारी, शिक्षा, सुशासन र डिजिटल पारदर्शिताको एजेन्डा प्राथमिकता बन्नैपर्छ । यदि जेन्जिहरुको ऊर्जा संस्थागत सुधारमा रूपान्तरण भएन भने त्यो ऊर्जा निराशा वा पलायनमा परिणत हुन सक्छ । बंगलादेशमा बीएनपीको पुनरागमन केवल दलको विजय होइन; त्यो युवा असन्तोषलाई राजनीतिक संरचनामा अनुवाद गर्ने प्रयास हो । नेपालमा पनि यदि रास्वपा वा कुनै नयाँ शक्ति त्यो भूमिका निर्वाह गर्न सफल भयो भने राजनीतिक इतिहास नयाँ मोडमा पुग्न सक्छ ।

दक्षिण एशियामा लोकतन्त्र अब केवल चुनावी अंकगणितको खेल होइन, यो पुस्ताबीचको संवाद, संरचनागत सुधार र पारदर्शिताको खोज हो । बंगलादेशले देखाएको छ चुनावसँगै सुधारको स्पष्ट खाका र जनमतद्वारा वैधता सुनिश्चित गरियो भने राजनीतिक परिवर्तन दीर्घकालीन हुन सक्छ । नेपालले पनि यो क्षणलाई केवल सरकार परिवर्तनको अवसर नभई शासन प्रणाली परिमार्जनको अवसरका रूपमा लिनुपर्छ । प्रश्न अब केवल कसले बहुमत ल्याउँछ ? भन्ने होइन । प्रश्न हो कसले प्रणालीलाई भविष्यका लागि तयार बनाउँछ ? यदि जेन जीहरुको आवाज, नागरिक समाजको दबाव र सुधारमुखी र ाजनीतिक इच्छाशक्ति एउटै दिशामा उभिए भने नेपालमा पनि आगामी चुनाव केवल सत्ताको फेरबदल मात्र नभई लोकतन्त्रको पुनर्जन्म बन्न सक्छ ।

अस्तु ॥

# प्रेमको नाममा लुकेको हिंसा !



**कुन्जनी परियार प्यासी**

*नोटः यहाँ घटनामा उल्लिखित सबै नामहरू परिवर्तित हुन् ।*

**घटना १**

१६ वर्षकी सपनाको परिवार आर्थिक रूपमा राम्रो थियो । आमाबुबाको सम्बन्ध विच्छेद भएपछि आमा विदेशमा थिइन्, बुबा व्यापारमा व्यस्त थिए । पढाइका लागि उनी पोखरामा एक्लै थिइन् । त्यहीं उनको भेट २१ वर्षीय राहुलसँग भयो ।

प्रेममा परेपछि राहुलले 'फिफ्टी शेड्स अफ ग्रे' फिल्मबाट प्रभावित भएर एउटा कागजमा सर्तहरू लेखाए– चाहेको बेला यौन सम्बन्ध, अरूसँग नबोल्ने, र ाहुलको इच्छा अनुसार व्यवहार गर्ने, नियम तोडे ५०,००० रूपैयाँ जरिवाना आदि ।

पछि त्यही करार देखाउँदै राहुलले निरन्तर यौन शोषण गरे । १८ वर्षमै सपनाको पाठेघरमा समस्या आयो । सार्वजनिक स्थानमा कुटपिट पनि हुन्थ्यो ।

तर सपनालाई लाग्थ्यो, यो प्रेमकै कारण हो । मुद्दा जान सपना तयार हुँदा पनि परिवारले 'इज्जत जान्छ' भनेर चुप लाग्न लगायो र उनलाई विदेश लग्यो ।

**घटना २**

२५ वर्षकी राधा र सरोजबीच प्रेम सम्बन्ध थियो । सम्बन्ध बिग्रिएपछि राधाले अरुसँग विवाह गर्ने निर्णय गरिन् ।

यो थाहा पाएपछि सरोजले घरअगाडि होहल्ला गरेनन्, तर सामाजिक सञ्जालमा पुराना तस्बिरहरु राखेर राधाको विवाह गर्न लागेका व्यक्तिलाई सबै कुरा सुनाए । विवाह रोकियो ।

सरोजविरूद्ध विद्युतीय अपराधमा मुद्दा चलाइयो ।

**घटना ३**

सीमाको प्रेम सुरू भएपछि उनले सबै साथीहरूसँग कुरा गर्न बन्द गरिन्, किनकि प्रेमीलाई मन पर्दैन । उनको सामाजिक सञ्जाल प्रेमीले नै चलाउँछन् ।

फोनमा कल रेकर्डिङ एप राखिएको छ। भेट हुँदा कुराकानी सुन्छन् । अफिसको कामले बाहिर जाँदा रिसाउँछन्, ब्लक गर्छन् र चरित्रमाथि प्रश्न उठाउँछन् ।

यी घटनाहरू विगत केही वर्षमा मैले अधिवक्ताका रूपमा कानुनी परामर्श दिँदा भेटेका प्रतिनिधि कथाहरू हुन् । प्रेमको नाममा लुकेका विषाक्तता र हिंसाका यी कथाहरू उदाहरण मात्र हुन् ।

कल्पना गर्नुहोस् त, एउटी युवती,

...बाँकी पृष्ठ ३ मा

# ज्ञानोदयको अभिभावक दिवस सम्पन्न




समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, पिप्लेस्थित ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयको अभिभावक दिवस सम्पन्न भएको छ। शनिबार विभिन्न सांस्कृतिक कार्यक्रमसहित विद्यालयको १४ औँ अभिभावक दिवस सम्पन्न भएको हो।

विद्यालयकी प्रधानाध्यापक दीप्ति महतको सभाध्यक्षतामा भएको कार्यक्रममा पिजीदेखि कक्षा १० सम्मका विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति दिएका थिए। कार्यक्रममा विद्यार्थीहरुले परम्परागत संस्कृतिदेखि आधुनिक गीतसंगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदीले शुभकामना मन्तव्य व्यक्त गर्दै अबको शिक्षा संस्कारयुक्त हुनु आवश्यक भएको बताउनुभयो। यसका लागि विद्यालयको प्रयासका साथै अभिभावकको भूमिका पनि महत्वपूर्ण हुने उहाँको भनाइ छ।

अभिभावक दिवसमा विद्यार्थीहरुले शैक्षिक प्रदर्शनी गरेका थिए। कार्यक्रममा विद्यार्थीहरुलाई शैक्षिक पुरस्कार वितरण गरिएको छ। अभिभावक दिवसको अवसरमा विद्यालयले अभिभावकहरुलाई पनि सम्मान गरेको छ। कार्यक्रममा प्रमुख अतिथि प्याब्सनका केन्द्रीय उपाध्यक्ष आशीष श्रेष्ठ, विशिष्ट अतिथि हेटौँडा उपमहानगरपालिका शिक्षा महाशाखा प्रमुख हरिचन्द्र सापकोटा र संगीतकार ओमप्रकाश राईसहित अभिभावकहरुको उपस्थिति रहेको थियो।

# निर्वाचनका लागि छुट्टै खाता खोल्न सिफारिस लिँदै उम्मेदवार

समाज संवाददाता

हेटौँडाः निर्वाचनलक्षित आर्थिक कारोबारका लागि छुट्टै बैंक खता खोल्न शुक्रबारसम्म २७ जना उम्मेदवारहरुले सिफारिस लिएका छन्। गत माघ २१ गते छुट्टै खाता खोल्न आग्रह गर्दै निर्वाचन कार्यालय हेटौँडाले मकवानपुरका प्रतिनिधिसभाको दुबै क्षेत्रका उम्मेदवारहरुलाई पत्राचार गरेपछि उम्मेदवारहरुले धमाधम खाता सञ्चालनका लागि निर्वाचन कार्यालयसँग सिफारिस लिन थालेका हुन्।

हालसम्म मकवानपुरका दुईवटा निर्वाचन क्षेत्रका ४४ उम्मेदवारहरुमध्ये अधिकांश दलका उम्मेदवारहरुले खाता सञ्चालनका निम्ति सिफारिस लिइसकेको भएपनि स्वतन्त्र उम्मेदवारहरुमध्ये थोरै उम्मेदवारहरुले मात्र सिफारिस लिएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक दिनेश रेग्मीले बताउनुभयो।

निर्वाचन आयोगबाट पारित कार्यविधि अनुसार निर्वाचनका कार्यक्रमलक्षित खर्च एकै प्रतिनिधिले मात्र गर्न पाउने र निर्वाचन खर्चका लागि आयोगका कार्यालयहरुसँग सिफारिस लिएर छुट्टै खाता खोल्नुपर्ने व्यवस्था छ। निर्वाचन आयोगले तोकेको आचारसंहिता अनुरुप मकवानपुर जिल्लाका उम्मेदवारहरुले ३३ लाखसम्म चुनावी खर्च गर्न पाउने भएकोले योभन्दा बढी खर्च भए नभएको अनुगमन गर्न कोष तथा लेखा नियन्त्रण कार्यालय हेटौँडालाई तोकिएको छ।

प्रमुख कोष नियन्त्रक रेग्मीले उम्मेदवारहरुले सिफारिस लिएर नयाँ खाता खोले नखोलेको अनुगमन गर्ने, एकभन्दा बढी प्रतिनिधिले खर्च गरे वा नगेको हेर्ने, प्रचारमा सार्वजनिक सम्पति प्रयोग गर्न नपाइने, निर्वाचनका लागि गैरसरकारी संस्था तथा सार्वजनिक संस्थाहरुबाट आर्थिक सहयोग लिए नलिएको हेर्ने, कोणसभा वा आमसभा गर्दा हुने खर्च अनुगमन गर्ने तथा आयोगले तोकेको सीमाभित्रको रकम खर्च भएको वा बढी भएको हेरी निर्वाचन कार्यालयलाई विवरणहरु पेश गरिने बताउनुभयो। उम्मेदवारहरुको निर्वाचन खर्च प्रक्रिया पारदर्शी भए नभएको कोष तथा लेखा नियन्त्रक कार्यालयले अनुगमन गर्ने जनाएको छ।

राजनीतिक झडप, बहिष्कार तथा निर्वाचन आचारसंहिता उलङ्घनका घटना हुनसक्ने विषयमा समेत आफूहरु तयारी अवस्थामा रहेको उहाँको भनाइ छ। हालसम्म जिल्ला प्रशासन कार्यालयको इजाजत प्राप्त १ सय ४४ हातहतियाहरु प्रशासनसमक्ष बुझाइसकेको समेत कार्यक्रममा जानकारी दिइएको छ।

# एमबीबीएसको अभिभावक दिवस सम्पन्न

समाज संवाददाता

हेटौँडा : हेटौँडा-१८, खड्कुलेस्थित मकवानपुर बालविद्या सदन (एमबीबीएस) को १९ औं अभिभावक दिवस विविध शैक्षिक, साँस्कृतिक तथा सीपमूलक कार्यक्रमका साथ सम्पन्न भएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रिन्सिपल सुदीपराज गिरीको सभाध्यक्षता तथा वडाध्यक्ष अनिलकुमार बानियाँको प्रमुख आतिथ्यमा शनिबार अभिभावक दिवस कार्यक्रम भएको हो।

एलकेजी कक्षाकी सिया घिमिरेले स्वागत मतव्य व्यक्त गर्नुभएको कार्यक्रममा कक्षा ७ की विद्यार्थी कृतिमा खड्काले धान खेतीसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। अभिभावक दिवसमा लेखक छवि अनित्य र प्रिन्सिपल गिरी बीच पुस्तक चर्चा भएको थियो। लेखक अनित्यको पछिल्लो कृति बाल महाभारत सम्बन्धमा प्रिन्सिपल गिरीले संवाद गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीहरूद्वारा विविध नृत्य, गायन, रिड-अलाउड, मार्शल आर्ट प्रस्तुती गरिएको थियो। अभिभावक सविना स्याङ्तानले आफ्ना छोराहरू यूकेजीका अदिप स्याङ्तान र एलकेजीका सायन स्याङ्तानसँगै सांगीतिक प्रस्तुती दिनुभएको थियो।

विद्यालयले अतिथिहरुलाई विद्यालयमै उत्पादन गरिएका कृषि उपज (चामल र आलु) प्याकेजिङ गरी 'मायाको कोसेली'का रूपमा प्रदान गरेको थियो। कार्यक्रममा विज्ञान प्रयोग तथा सामग्रीसहितको स्टल, विद्यार्थीहरूले उत्पादन गरेका सामग्रीको बिक्री स्टल, रोबोटिक्स स्टल, फेस पेन्टिङ, चित्रकला प्रदर्शनी तथा विद्यालयमा उत्पादन भएका कृषिजन्य सामग्रीबाट बनेका परिकारका स्टलहरू राखेका थिए।

विद्यालयले पठन संस्कृतिको प्रवर्द्धन, 'एउटा कक्षा एउटा सीप', आधुनिक विज्ञान प्रविधिको ज्ञान तथा श्रम र संस्कृतिको सम्मानलाई प्रमुख नीति बनाउँदै आएको प्रिन्सिपल गिरीले बताउनुभयो। विद्यालयमा पुस्तकमा आधारित गतिविधि, कथालेखन तथा पुस्तक निर्माण कार्यशाला, कथा चौतारी सञ्चालन भइरहेका छन्। 'एउटा कक्षा एउटा सीप' कार्यक्रमअन्तर्गत मैनबत्ती निर्माण, धानखेती, गुन्द्री, चकटी र टपरी बुनाइ, ऊनी सामग्री उत्पादन, मोतिको माला निर्माण, खेर गएका कागज प्रशोधन तथा गड्यौला पालनजस्ता सीपमूलक कार्य पनि विद्यालयमा सञ्चालन भइरहेका छन्। कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरकी सदस्य विष्णुमाया थपलिया, बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री र प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको पनि आतिथ्य रहेको थियो। वडा सदस्य योगराज खतिवडा र बकैया गाउँपालिकाका शिक्षा प्रमुख आईतराम तामाङको पनि आतिथ्य रहेको थियो।

# माउन्ट एभरेष्ट स्कूलमा पूर्वप्राथमिक तहको अभिभावक दिवस

समाज संवाददाता

हेटौँडाः हेटौँडा-८ स्थित माउन्ट एभरेष्ट आवासीय माध्यमिक बिद्यालयको वार्षिकोत्सव तथा पूर्वप्राथमिक तहको अभिभावक दिवस शनिबार सम्पन्न भएको छ। विद्यालयको पूर्वप्राथमिक तहको कक्षा नर्सरी, एलकेजी, तथा युकेजी कक्षाको संयुक्तरुपमा अभिभावक दिवस सम्पन्न भएको हो।

इसिडी कक्षाकी स्रोतव्यक्ति रोशनी पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पूर्वप्राथमिक कक्षाका विद्यार्थीहरुले विभिन्न बालगीत, नृत्य, अँग्रेजी राइम्स, वक्तृत्वकला, नाटक, मनोवादलगायतका प्रस्तुति दिएका थिए। कार्यक्रममा सोही तहमा अध्यापन गराइरहेका शिक्षकहरुले पनि नृत्य प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा बालबालिकाहरुले मोबाइलले गर्ने बेफाइदा र परिवारको महत्व विषयमा दुईवटा नाटक पनि प्रस्तुत गरेका थिए।

कार्यक्रममा अभिभावकका तर्फबाट मन्तव्य राख्दै आशिका केसीले विद्यालयले बाल मनोविज्ञानलाई ध्यान दिएर शैक्षिक कार्यक्रम सञ्चालन गरेकोमा आफूहरु सन्तुष्ट भएको बताउनुभएको छ। अघिल्ला वर्षहरुमा एकैदिन अभिभावक दिवस मनाउने गरेकोमा यस वर्ष पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक तहको अलग-अलग अभिभावक दिवस मनाउन लागेको विद्यालयका प्रधानाध्यापक रामहरि रिमालले जानकारी दिनुभयो।

एकै दिनमा कार्यक्रम गर्दा सबै तहका सबै विद्यार्थीहरुले आफ्ना क्षमता तथा प्रतिभाहरु प्रदर्शन गर्न समय नपुग्ने भएकाले फरक-फरक दिनमा अभिभावक दिवस गरेर सबै विद्यार्थीहरुलाई समेट्ने विद्यालयको उद्देश्य रहेको उहाँले स्पष्ट पार्नुभएको छ। विद्यालयले वार्षिक परीक्षामा मात्र नभई त्रैमासिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कृत गर्दै आएको उहाँले बताउनुभयो।

# प्रेमको नाममा...

जसको जीवन प्रेमका सपनाले भरिएको थियो। उनी आफ्नो पार्टनरसँग हरेक पल खुसी बाँड्न चाहन्थिन्।

तर त्यही प्रेम हिंसा, नियन्त्रण, अपमानजनक शब्दहरू र कहिलेकाहीँ शारीरिक पीडामा परिणत हुँदा कस्तो हुन्छ ?

अनि समाजले उनलाई चुपचाप लाग भन्न्छ, किनकि 'प्रेममा यस्तो त चल्छ नै !'

तर के यो साँच्चै सही हो त ?

होइन, यो सबै विषाक्त सम्बन्ध हो।

## विषाक्त सम्बन्ध भनेको के हो ?

विषाक्त सम्बन्ध त्यस्तो बन्धन हो, जसमा प्रेमको नाममा डर, नियन्त्रण र हिंसा हुन्छ। जहाँ डरलाई प्रेम, अपमानलाई माया र नियन्त्रणलाई समर्पण ठानिन्छ।

विषाक्त सम्बन्धले व्यक्तिलाई मानसिक रूपमा विचलित बनाउँछ, आत्मविश्वास कमजोर पार्छ। अझ विषाक्ततालाई प्रेरित गर्ने सामाजिक धारणाहरू झन् खतरनाक छन्।

## तथ्यले के भन्छ ?

विश्वभर अन्तरंग साथीबाट हुने हिंसाका घटनाहरु क्रमिक रुपमा बढ्दै छन्।

नेपालमा अन्तरंग साथीबाट हुने हिंसा (इन्टिमेट पार्टनर भायोलेन्स- आइपिभी) महामारीजस्तै फैलिएको छ।

'नेपाल डेमोग्राफिक एन्ड हेल्थ सर्भे (एनडिएचएस) २०२२' अनुसार १५-४९ वर्षका महिलामध्ये जीवनकालमा २७.२ प्रतिशतले कुनै न कुनै रूपमा अन्तरंग साथीबाट हिंसा भोगेका छन्। यसमा शारीरिक हिंसा २३ प्रतिशत, भावनात्मक हिंसा १३ प्रतिशत र यौन हिंसा ७ प्रतिशत समावेश छन्।

मोन्ना कुरभिनेन लगायतले सन् २०२५ मा गरेको अध्ययनमा सहभागी ५,१७८ महिलामध्ये ३१.४ प्रतिशतले जीवनमा कुनै न कुनै रूपमा आइपिभी अनुभव गरेको बताएका छन्, जसमा नियन्त्रात्मक व्यवहार (२९.४ प्रतिशत) सबैभन्दा बढी छ। उक्त अध्ययनले यस्तो हिंसा भोगेका महिलामा चिन्ता, डिप्रेसन र आत्महत्याको विचार बढी आउने देखाएको छ। तर दुःखद के छ भने, यस्तो हिंसा भोगेकामध्ये ७२ प्रतिशतले कुनै सहयोग खोजेका छैनन्। सहयोग खोजेकामध्ये पनि ९२.२ प्रतिशतले अनौपचारिक स्रोतबाट मात्र सहयोग लिएका छन्।

## प्रेमको नाममा हुने उत्पीडनको सामान्यीकरण

प्रेमको नाममा उत्पीडन तथा हिंसालाई सामान्य ठान्नु नै विषाक्त सम्बन्धको जड हो। नेपालमा स्टकिङ (पछ्याउने), बारम्बार फोन गरेर तर्साउने वा अस्वीकार गर्दा पनि दबाब दिने व्यवहारलाई 'सच्चा प्रेम' भनेर चित्रण गरिन्छ।

विभिन्न चलचित्रले यस्ता व्यवहारलाई अझ प्रोत्साहन गरेका छन्। चलचित्र र सामाजिक सञ्जालले हिंस्रक 'अल्फा म्यान' को अवधारणालाई 'ग्लोरिफाई' गर्दा युवा पुस्तामा हिंसात्मक व्यवहारलाई प्रेम ठान्ने प्रवृत्ति बढेको छ। निरन्तर गरिएको स्टकिङलाई प्रेम र हिंसालाई हिरोपन देखाउँदा युवा पुस्ताको प्रेमबारे बुझाइ विषाक्त बन्दै गएको छ।

तर हामीले बुझ्नुपर्ने कुरा स्पष्ट छ – यस्तो व्यवहार प्रेम होइन, अपराध हो। यसले महिलाको स्वतन्त्रता र सुरक्षा खोस्छ र उनीहरूलाई जोखिममा पार्छ।

'नाइँ' भन्ने शब्दलाई सम्मान नगर्नु प्रेम हुन सक्छ त ?

नेपालमा यस्ता घटनाका थुप्रै हृदयविदारक उदाहरण छन्। प्रेम प्रस्ताव स्वीकार नगरेको नाउँमा गरिएको एसिड आक्रमणदेखि प्रेमको बहानामा गरिएको यौन शोषणसम्म– यी सबैलाई प्रेमको रूपमा स्वीकार गर्दा महिलाहरू कहिल्यै सुरक्षित हुन सक्दैनन्। घरेलु हिंसामा सहनुपर्छ भन्ने मान्यताले बढ्दो हत्या घटनाले पनि यही सत्य देखाउँछ।

## मूल कारणः पितृसत्ता

यो प्रवृत्ति पितृसत्तात्मक सोचसँग गहिरो रूपमा जोडिएको छ, जहाँ पुरूषको नियन्त्रणलाई स्वाभाविक र महिलाको सहनशीलतालाई गुण ठानिन्छ। आर्थिक निर्भरता, सामाजिक दबाब र पारिवारिक 'इज्जत' का कारण धेरै महिलाहरू मौन बस्न बाध्य छन्।

तर यस्तो मौनताले हिंसाको चक्रलाई झन् बलियो बनाउँछ।

अन्तरंग साथीबाट हुने हिंसाले व्यक्तिगत मात्र होइन, सामाजिक असर पनि पार्छ। अध्ययनहरूले देखाएका छन् कि यस्ता हिंसाले डिप्रेसन, चिन्ता र आत्महत्याको जोखिम बढाउँछ। त्यसैले यसलाई निजी मामिलाका रूपमा मात्र हेर्नु गम्भीर भूल हुनेछ।

आज भ्यालेन्टाइन्स डे – यो प्रेमको उत्सव मात्र होइन, प्रेमको अर्थ पुनः परिभाषित गर्ने अवसर पनि हो।

प्रेम भनेको सम्मान, सहमति र समानता हो– डर, नियन्त्रण र पीडा होइन।

यदि प्रेम सम्बन्धमा हिंसा भइरहेको छ भने सहनु होइन, नेपाल प्रहरी, राष्ट्रिय महिला आयोग वा नागरिक समाजका संस्थाबाट सहयोग लिनु आवश्यक छ। यो कुरा युवा पुस्तालाई सिकाउनु झन् जरुरी छ।

समाजले अब स्पष्ट रुपमा भन्नुपर्छ– प्रेमको नाममा हुने हिंसा स्वीकार्य छैन। सच्चा प्रेमले बाँध्दैन, स्वतन्त्र बनाउँछ। यही बुझाइबाट मात्र सुरक्षित र सम्मानजनक सम्बन्धहरुको निर्माण सम्भव छ।

प्रणय दिवसको शुभकामना।

*(स्रोतः सेतोपाटी)*

## सच्याईएको

मिति २०८२ साल फाल्गुन १ गते शुक्रबार प्रकाशित समृद्ध समाज राष्ट्रिय दैनिकको पृष्ठ ३ मा प्रकाशित प्यासिफिक बचत तथा ऋण सहकारी संस्था लि. को सूचनामा क्र.म संख्या ३ को ऋण शीर्षकको धितो सुरक्षणमा रहेको चल अचल सम्पत्तिको बिवरणमा तलको बिवरण हुनुपर्नेमा असावधानीबस अन्यथा भएकोले सच्याईएको व्यवहोरा जानकारी गराउदछौँ।

नामः राजेश बाबु सापकोटा
पति/बुवाको नामः सिताराम सापकोटा
ससुरा/बाजेको नामः खील बहादुर
ना.प्र.नं. : ४७/२१६
जारी मितिः २०५७/०३/२६
धितो को बिवरण
ठेगाानाः मकवानपुर, टोड्के–२
कित्ता नं. : ११३
क्षेत्रफलः ०–४–२–२

## कर्मचारी आवश्यकता

सूचना प्रकाशित मितिः २०८२/११/०१ गते

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८२/१०/२१ गतेको च.न. १२५४ को प्राप्त विज्ञापन अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमको कार्यालय सहयोगी पदमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागारिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक दरखास्त आवहान गरिन्छ।

**तपशिल**
विज्ञापन न. :- ०१/२०८२/०८३
पदः- कार्यालय सहयोगी
आवश्यक संख्या : १ (एक)
शैक्षिक योग्यता :- कक्षा ८ उतीर्ण प्रमाणपत्र
परीक्षाको किसिम :- लिखित र मौखिक
दरखास्त दस्तुर :- रु १,५००/- (एक हजार पाँच सय)
तलब/भत्ता :- नेपाल सरकारले तोकेको बमोजिम
उमेर :- १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
दरखास्त दिने अन्तिम मितिः (२०८२/११/१५ कार्यालय समय भित्र)
सम्पर्क मिति :- २०८२/११/१५ गते
परीक्षा मिति :- सम्पर्क मितिमा जनाकारी गराइनेछ

**आवश्यक कागजातहरू**
१. हस्तलिखित निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २ प्रति
३. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि २ प्रति

**श्री भैरब आधारभूत विद्यालय**
बागमती गाउँपालिका-८, ठोटारीखोला मकवानपुर
सम्पर्क नम्बर : ९८४५९७७१५० (प्र.अ)
९८६५०४३८५२ (अध्यक्ष)

## नयाँ रेस्टुरेन्ट खोल्दै हुनुहुन्छ ? यो सुनौलो अवसर नछुटाउनुहोस् !

✔ चलिरहेको रेस्टुरेन्टका सम्पूर्ण सामानहरू अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन्।

✔ भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरू एकै ठाउँमा।

✔ नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।



सम्पर्कः ९८५१०२४८६८

## वास्तु किन चाहिन्छ ?

Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?

❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्।**

निशूल्क परामर्श
Mobile Numerology,
Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095

# तेस्रो वडा खेलकुद महोत्सव सुरु



*तेस्रो वडा खेलकुद महोत्सवको उद्घाटन समारोहमा सहभागी विद्यार्थीहरु ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ तथा शैक्षिक गुणस्तर सुधार समितिको संयुक्त आयोजनामा 'तेस्रो वडा खेलकुद महोत्सव' सुरु भएको छ। शुक्रबार हेटौंडा-४ मा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी, शिक्षकको सहभागितामा र्‍याली समेत निकालिएको थियो ।

हेटौंडा-४ स्थित हुप्रचौरबाट खेलकुद महोत्सवको ब्यानरसहित सुरु भएको र्‍याली मेनरोड, सिमाचोक र स्कूलरोड हुँदै पुन: हुप्रचौर पुगेर सम्पन्न भएको थियो। र्‍याली अघि हुप्राचौरमा शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष तथा श्रमिक माविका प्रधानाध्यापक श्रीराम दहालको सभाध्यक्षता तथा संविधान सभा सदस्य अनन्तप्रसाद पौडेलको प्रमुख आतिथ्यमा उद्‌घाटन समारोह आयोजना गरिएको थियो । कार्यक्रममा वडाध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको पनि आतिथ्य रहेको थियो ।

खेलकुद महोत्सव अन्तर्गत शुक्रबार वडास्तरीय एथ्लेटिक्स विधाका खेलहरू भएका छन् । शुक्रबार भएको जुनियर लङ्‌जम्प (कक्षा ५ सम्म) प्रतियोगितामा छात्रातर्फ भुटनदेवी माध्यमिक विद्यालयकी सुमन शर्मा प्रथम र छात्रतर्फ ब्रह्मदिक एकेडेमीको आयस दोङ र भुटनदेवी माविका प्रिन्स यादव प्रथम भएका छन्।१ सय मिटर दौडमा छात्रातर्फ श्रमिक माध्यमिक विद्यालयकी हसिना खातुन र छात्रर्फ भुटनदेवी माविका इप्सन राजथला प्रथम भएका छन् । यस्तै ४ सय मिटर दौडमा प्रतियोगितामा श्रमिक माविका नियाज आलम, सुजाताकुमारी पटेल, हसिना खातुन र तुफेल देवानका टोली प्रथम भएका छन् ।

यसैगरी शुक्रबार भएको सिनियर (कक्षा १० सम्म) सटपुट प्रतियोगितामा छात्रातर्फ नवोदय शिशु सदनकी आसी बानियाँ र छात्रतर्फ भुटनदेवी माविका कृष्णदास थारु प्रथम, लङ्ग जम्पमा श्रमिक माविका विपिन लामिछाने र ब्रह्मदिक एकेडेमीकी रमुना थापा प्रथम, ट्रिपल जम्पमा श्रमिक माविका हसिना खातुन र शेख नेहाल प्रथम प्रथम भएका छन् । यसैगरी ४ सय मिटर दौडमा भुटनदेवी माविका मोति साह र श्रमिक माविकी करिना खातुन प्रथम, ८ सय मिटर दौडमा भुटनदेवीका रिसु बानियाँ र आधुनिक राष्ट्रिय माविकी सुविना गोले प्रथम, १५ सय मिटर दौडमा श्रमिक माविकी हसिना खातुन र भुटनदेवी माविका नितेश यादव प्रथम भएका छन् । प्रतियोगिताका विजेताहरुलाई फागुन ७ गते समापन कार्यक्रममा पुरस्कार वितरण गरिने आयोजकले जनाएको छ ।

# ११६ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : दुई दिनमा भएको रक्तदान कार्यक्रममा ११६ जनाले रक्तदान गरेका छन्। शुक्रबार र शनिबार छुट्टाछुट्टै स्थानमा भएको रक्तदान कार्यक्रममा ११६ जनाले रक्तदान गरेका हुन् । शनिबार बिहान हुप्रचौरमा ब्रह्मकुमारी युवा प्रभाग हेटौंडाको आयोजनामा भएको बृहत खुल्ला रक्तदानमा ८४ जनाले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौंडाकाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

शुक्रबार मनहरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा भएको रक्तदानमा ३२ जनाले रक्तदान गरेका थिए । सहकारीले आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो। आगामी शुक्रबार मनहरी गाउँपालिका-५ स्थित भोजसिद्ध माविको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । दैनिकजसो रक्तदान कार्यक्रम भएकाले केन्द्रमा अहिले रगत अभाव नरहेको प्राविधिक सापकोटाले बताउनुभयो।

# खुला दौड प्रतियोगितामा राजकुमार प्रथम



*दौड प्रतियोगितामा प्रथम हुन सफल राजकुमार गोलेलाई पुरस्कृत गरिँदै ।*

समाज संवाददाता

हेटौंडा : बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा भएको खुला दौड प्रतियोगितामा बकैया-५ का राजकुमार गोले प्रथम भएका छन् । शुक्रबार जनयुद्ध दिवसको अवसरमा ७ किलोमिटर खुला दौड प्रतियोगिता भएको हो ।

प्रतियोगितामा हेटौंडा-४ का सुवास योन्जन द्वितीय र बकैया-७ का सचिन थिङ तृतीय भए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमश: २५ हजार, १५ हजार र १० हजार रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्रसमेत प्राप्त गरेका छन् । सान्त्वनास्वरूप अन्य पाँच जनाले जनही २ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्। सान्त्वना पुरस्कार पाउनेमा अनिस थिङ, सचिन गुरुङ, राम चौधरी, दासु तामाङ र प्रदिप न्यासुर रहेका छन् ।

दौड बागमती-८, शान्तिपुरबाट सुरु भई बागमती-४, झुरझुरेस्थित बागमती गाउँपालिकाको कार्यालय पुगेर समापन भएको थियो । प्रतियोगितामा १६ वर्ष उमेर पूरा भएका ४० जना पुरुषहरूको सहभागिता थियो । आयोजकले प्रतियोगितामा सहभागी सबैलाई नम्बर अङ्कित टिसर्ट उपलब्ध गराएको थियो । पुरस्कार वितरण समारोह बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यमा भएको थियो ।

# प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता : मकवानपुरको टोली घोषणा

समाज संवाददाता

हेटौंडा: प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता २०८२ का लागि मकवानपुरको टोली घोषणा भएको छ। मकवानपुर जिल्ला क्रिकेट संघले शुक्रबार सुमन सुनारको नेतृत्वमा १४ सदस्यीय टोली घोषणा गरेको हो ।

संघले प्रदेशस्तरीय छनोटका लागि सुनारको नेतृत्वमा घोषणा गरेको टोलीमा उपकप्तान रिजन ढकालसहित शुभ कंसाकार, युविन बुढाथोकी, तक्षक सिम्खडा, विशाल फुयाल, विशेषविक्रम थापा, साकार गजुरेल र विकेट किपर सक्षम बस्ताकोटी रहेका छन्। यसैगरी रोहित ठाकुर, गोकुल अधिकारी, स्वरुप श्रेष्ठ, असिम श्रेष्ठ र रोहित विष्ट पनि टोलीमा अटाएका छन् । एमडी मोहम्मद राजा, इरफान नदफ, शिवशक्ति महतो र निमा थोकर प्रतियोगिताको लागि रिजर्भ खेलाडीका रुपमा छनोट भएका छन् ।

मकवानपुर जिल्लास्तरीय प्रारम्भिक चरणको छनोट माघ ४ गतेदेखि १० गतेसम्म हेटौंडा-४, हुप्रचौरमा भएको थियो । क्रिकेट संघ मकवानपुरले यस वर्ष जिल्लास्तरीय छनोटका लागि आवेदन दिएका ५६ जना खेलाडीहरुमध्ये २४ जनालाई पहिलो चरणमा छनोट गरेको थियो । संघका सदस्य संजोग पोखरेलका अनुसार दोस्रो अर्थात जिल्लास्तरीय अन्तिम छनोट कार्य माघ २३ र २४ गते भरतपुर क्रिकेट मैदान भएको थियो। जसबाट छनोट भएका उत्कृष्ट १४ जनाको टोलीले बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिता खेल्नेछ ।

नेपाल क्रिकेट संघ (क्यान) बाट आधिकारिकता पाएका बागमती प्रदेशका ६ वटा जिल्लाहरू (मकवानपुर, चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौं) र एउटा त्रिभुवन विश्वविद्यालयको टिम गरी ७ वटा टिमका बीच प्रदेशस्तरीय छनोट प्रतियोगिता हुनेछ ।

# नि:शुल्क दन्त शिविर सम्पन्न

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित संजीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा खुल्ला नि:शूल्क दन्त शिविर सम्पन्न भएको छ। शनिबार भएको शिविरमा ८७ जनाको दन्त परीक्षण भएको सहकारीका व्यवस्थापक प्रकाश बहादुर खनालले जानकारी दिनुभयो।

शिविर स्वास्थ्य तथा वातावरण उपसमितिका संयोजक पदम बहादुर बजगाईको सभाध्यक्षता तथा सहकारीकी अध्यक्ष जानकी चौधरीको प्रमुख आतिथ्य रहेको थियो । शिविरमा राप्ति डेन्टल क्लिनिकका चिकित्सक डा. अरिफ करिमले स्वास्थ्य जाँच गर्नुभएको थियो। शिविरमा दन्त परीक्षण गराएका सबैलाई नि:शूल्क औषधि वितरण गरेको थियो । कार्यक्रममा सहकारीका संस्थापक पूर्णबहादुर खनालको पनि आतिथ्य रहेको थियो। शिविरमा सहकारी सदस्य तथा गैरसदस्यले लाभ लिएका छन्।

# लक्ष्मी आविको अध्यक्षमा पुन: अधिकारी

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५ स्थित लक्ष्मी आधारभूत विद्यालय (आवि) को विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पुन: ताराप्रसाद अधिकारी चयन हुनुभएको छ । शुक्रबार भएको विद्यालयको २० औं अभिभावक भेलाले अधिकारीलाई पुन: अध्यक्षमा चयन गरेको विद्यालयका प्रधानाध्यापक रामहरि मैनालीले जानकारी दिनुभयो ।

समितिको सदस्यहरूमा ज्ञानबहादुर थापा, नसिम अन्सारी, इजरायल अन्सारी, ईश्वरी चालिसे, सफिना खातुन, विष्णुमाया मुक्तान र गुणबहादुर गौतम चयन हुनुभएको छ । विद्यालयले अभिभावक दिवसको अवसरमा तीनजना शिक्षकहरूलाई पनि सम्मान गरेको छ । साथै १ देखि ८ कक्षासम्म वार्षिक पुरस्कार वितरण अन्तर्गत विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको प्रधानाध्यापक मैनालीले जानकारी दिनुभयो ।

विद्यालयले विद्यालयमा २२ वर्ष अध्ययन गराउनुभएकी भवानी अर्याल, २८ वर्ष अध्ययन गराउनुभएका गुडबहादुर गौतम र १२ वर्ष अध्ययन गराउनुभएकी उषा पौडेललाई सम्मानपत्र गरिएको छ । साथै वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री वितरण गरिएको प्रधानाध्यापक मैनालीले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो । अभिभावक भेलामा वडाध्यक्ष सुशील घिमिरे र हेटौंडा उपमहानगरपालिकाको शिक्षा अधिकृत हरिचन्द्र सापकोटाको पनि आतिथ्य रहेको थियो । आठ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ३०३ जना विद्यार्थी अध्ययनरत छन् ।

# इन्दिरालाई गजल पुरस्कार, नेगीलाई सम्मान

समाज संवाददाता

हेटौंडा: मनमाया स्मृति गजल प्रतियोगितामा इन्दिरा विश्वकर्मा प्रथम हुनुभएको छ । शनिबार गजल मञ्च मकवानपुरको आयोजनामा प्रतियोगिता भएको थियो ।

प्रतियोगितामा प्रथम हुनुभएका हेटौंडा-१८, फुर्केचौरस्थित गोरक्षनाथ माध्यमिक विद्यालयको कक्षा १० की छात्रा विश्वकर्माले प्रमाणपत्रसहित ५ हजार ५ सय ५५ रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नुभएको छ । विसं २०७२ सालदेखि गजल मञ्चले निरन्तर आयोजना गर्दै आएको यस प्रतियोगिताको लागि गजल मञ्चका पूर्वअध्यक्ष दीपक गौतमले आफ्ना हजुरआमाको स्मृतिमा पुरस्कारको व्यवस्था गर्नुभएको हो ।

प्रतियोगिता हेटौंडा-४ स्थित साहित्य संगम मकवानपुर तथा सिस्नुपानी नेपाल मकवानपुरको सभाहलमा भएको थियो । प्रतियोगिताका लागि प्राप्त १८ वटा गजलमध्ये पहिलो चरणमा उत्कृष्ट १० वटा छनोट गरिएको थियो । उत्कृष्ट १० वटा गजलका गजलकारहरुले शनिबार अन्तिम चरणको प्रतियोगितामा उपस्थिति भएर गजल वाचन गरेका थिए ।

प्रतियोगितामा कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतियोगिताको निर्णायकहरुमा गजल मञ्च मकवानपुरका निवर्तमान अध्यक्ष केशव समर्पण र साहित्य संगमका सहसचिव भवानी तिमल्सिना हुनुहुन्थ्यो ।

यसैगरी, गजल मञ्च मकवानपुरले प्रत्येक वर्ष प्रदान गर्दै आएको ५ हजार रुपैयाँ राशिको श्रीकृष्ण तालुमाया नमुना स्मृति गजल सम्मानबाट गजलकार कुमार नेगी (पालुङ्गेचरा) सम्मानित हुनुभएको छ । नेगीले गजल विकासमा पुर्‍याउँदै आउनुभएको योगदानको लागि गजल मञ्चले सम्मान गरेको हो ।

गजल मञ्च मकवानपुरका अध्यक्ष संजित श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्य संगम मकवानपुरका सल्लाहकार डा. निमेष निखिलको प्रमुख आतिथ्य रहेको थियो। प्रमुख अतिथि निखिलले कार्यक्रममा बोल्नुहुँदै सहभागी प्रतियोगीहरुलाई गजल लेखनबारे बताउनुभयो । कार्यक्रममा अन्य गजलकारहरुले पनि आफ्ना गजल वाचन गरेका थिए ।

# घाइते वृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडा : पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-९ ज्यामिरेस्थित जंगलेश्वर महादेव मन्दिर नजिकै बसबाट लडेर गम्भीर घाइते भएका एक वृद्धको उपचारको क्रममा मृत्यु भएको छ ।

गत माघ १० गते बिहान १० बजेर २० मिनेटको समयमा चितवनबाट हेटौंडास्थित शहीद स्मारकमा वनभोज खान आउँदै गरेको बा प्र ०३-००१ ख १९७२ नम्बरको बसमा सवार चितवन जिल्लाको रत्ननगर नगरपालिका-६ का ६२ वर्षीय विष्णु बहादुर घिमिरे बस रोकेपछि शौचालय जान झर्ने क्रममा ढोकाबाट लडेर गम्भीर घाइते भएका थिए। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार घिमिरेलाई उपचारका लागि भरतपुरस्थित पुरानो मेडिकल कलेजमा लगिएको थियो । उपचारको क्रममा घिमिरेको शुक्रबार बिहान ७ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सूचना !! सूचना !! सूचना !!

Biometric Verification गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाको च.नं. ३६०३ को मिति २०८२/१०/२५ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुले नयाँ निवेदन दर्ता तथा नवीकरण गर्दा Biometric verification गरेकोमा विविध कारणले Biometric verification नभएका सम्पूर्ण लाभग्राहीहरुको Biometric verification फागुन १ गते देखि १५ गतेसम्म गर्नुपर्ने भएको र फागुन १५ गतेभित्र Biometric verification नभएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुनाले यथाशिघ्र यस वडा कार्यालयमा सम्पर्क राखी Biometric verification गर्न गराउन हुनका साथै सो अवधिमा Biometric verification नगरेमा सामाजिक सुरक्षा भत्ता नपाईने हुँदा सो को जिम्मेवारी सोही लाभग्राही रहने व्यहोरा निर्देशनअनुसार जानकारीका लागि यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गराईन्छ ।

१ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका मकवानपुर
बागमती प्रदेश, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ